**Signature and Name of Invigilator**

1. (Signature) ____________________

   (Name) ____________________

2. (Signature) ____________________

   (Name) ____________________

**OMR Sheet No. :** ....................................................

(To be filled by the Candidate)

**Roll No.** | | | | | | | |

(In figures as per admission card)

**Roll No.** ____________________

(In words)

**Test Booklet No.**

**J—3409**

**PAPER—II**

# NEPALI

**Time : 1¼ hours]** **[Maximum Marks : 100**

Number of Pages in this Booklet : **16** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the question booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered in the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the oval as indicated below on the correct response against each item.

   **Example :** (A) (B) ● (D)

   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the Answer Sheet given **inside the Paper I booklet only**. If you mark at any place other than in the ovals in the Answer Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your name or put any mark on any part of the test booklet, except for the space allotted for the relevant entries, which may disclose your identity, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is NO negative marking.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका की क्रम संख्या OMR पत्रक पर अंकित करें और OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं। आपको सही उत्तर के दीर्घवृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।

   **उदाहरण :** (A) (B) ● (D)

   जबकि (C) सही उत्तर है।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये** उत्तर-पत्रक पर ही अंकित करने हैं। यदि आप उत्तर पत्रक पर दिये गये दीर्घवृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिन्हांकित करते है, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप उत्तर-पुस्तिका पर अपना नाम या ऐसा कोई भी निशान जिससे आपकी पहचान हो सके, किसी भी भाग पर दर्शाते या अंकित करते हैं तो परीक्षा के लिये अयोग्य घोषित कर दिये जायेंगे।
9. आपको परीक्षा समाप्त होने पर उत्तर-पुस्तिका निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें।
10. **केवल नीले/काले बाल प्वाईंट पैन का ही इस्तेमाल करें।**
11. **किसी भी प्रकार का संगणक ( कैलकुलेटर ) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उत्तर के लिए अंक नहीं काटे जायेंगे।**

# NEPALI
# नेपाली
## PAPER – II
## प्रश्नपत्र – II

**Note :** This paper contains **fifty** (50) objective-type questions, each question carrying **two** (2) marks. Attempt **all** of them.
यस प्रश्न-पत्रमा पचासवटा (50) बहु-विकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न दुई-दुई (2-2) अंकका छन्। सबै प्रश्नको उत्तर दिनुपर्छ।

**1.** कस्तो आलोचकलाई 'अरोचकी' भनिन्छ ?

(A) स्थूल दृष्टिकोण भएको र गम्भीर विवेचनामा रुचि नराख्ने।

(B) सूक्ष्म विवेचक र उच्च स्तरका कृति मात्र मन पराउने।

(C) कुनै कवि-लेखक विशेषप्रति ईर्ष्या, द्वेष आदि भाव लिने र पूर्वाग्रहग्रस्त।

(D) काव्यसिद्धान्तको गहिरो ज्ञानका आधारमा काव्यालोचन गर्ने।

**2.** शब्दका अभिधा, लक्षणा र व्यंजना शक्तिभन्दा भिन्न 'तात्पर्यवृत्ति' को सत्ता मान्ने आचार्य को हुन् ?

(A) आनन्दवर्द्धन। (B) शङ्.कुक। (C) भामह (D) धनञ्जय।

**3.** तल समूह 'क' को कुन रस समूह 'ख' को कुन रसको अनुषङ्गी मानिन्छ ?

| | **समूह-क** | | **समूह-ख** |
|---|---|---|---|
| (a) | शृङ्गार | (i) | करुण |
| (b) | वीर | (ii) | हास्य |
| (c) | वीभत्स | (iii) | अद्भुद् |
| (d) | रौद्र | (iv) | भयानक |

| | *(a)* | *(b)* | *(c)* | *(d)* |
|---|---|---|---|---|
| (A) | (iii) | (i) | (iv) | (ii) |
| (B) | (iv) | (i) | (ii) | (iii) |
| (C) | (ii) | (iv) | (iii) | (i) |
| (D) | (ii) | (iii) | (iv) | (i) |

4. स्फोटवादको चर्चा-प्रसङ्गमा 'अनित्य शब्द'- को अर्थ के हो ?

(A) अनुच्चार्य एवम् अश्राव्य शब्द।

(B) स्थायी र अमेट शब्द।

(C) विकारी शब्द।

(D) उच्चार्य र श्रोत्रग्राह्य शब्द।

5. ''दिन दिन खजनाका भारिका बोकनाले

शिव शिव चुलिमेका बाल नै एक कैका

तदपि मुलुक तेरो छोडि नै कोइ भाजा

इति वदति गुमानी धन्य गोर्खालि राजा।''

—यस पद्यमा कुन प्रकारको ध्वनि पाइन्छ ?

(A) अत्यन्ततिरस्कृत वाच्य ध्वनि।

(B) शब्दशक्त्युदङ्भव ध्वनि।

(C) असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि।

(D) स्वत: सम्भवी ध्वनि

6. भारतीय ध्वनि-अध्ययन परम्परामा 'अनुनासिक ध्वनि' को पर्यायका रूपमा चलाइएको अर्को शब्द कुन हो ?

(A) उत्तम ध्वनि (B) सामान्य (C) सङ्कीर्ण (D) अनुत्तम

7. स्पर्श व्यंजन र नासिक्य व्यंजनको संयोग हुँदा बिचमा हुने अनुनासिक ध्वनिको स्फोटलाई के भनिएको छ ?

(A) रक्त (B) यम (C) आगम (D) प्लुति

8. 'र' सँग व्यंजनको संयोग हुँदा 'ऋ' सुनिन आउने ध्वनि प्रक्रियालाई के भनिन्छ ?

(A) अपिनिहिति (B) स्वरभक्ति

(C) रकारीभवन (D) उपसंहार

9. तलका मध्ये कुनचाहिं भनाइ असत्य हो ?

(A) भारतीय ध्वनि अध्ययन परम्परामा आभ्यन्तर प्रयत्नका दृष्टिले ध्वनिलाई विवृत्त र संवृत्त वर्गमा छुट्ट्याइएको छ।

(B) 'बहिनी' शब्द 'ब्राह्मणी' शब्दबाट विकसित भएको हो।

(C) नेपाली लोक गीतमा 'भाका' भन्नाले 'गीतका शब्द' भन्ने बुझिन्छ।

(D) गुणाढ्यको 'बृहत्कथा' पैशाची भाषामा लेखिएको थियो।

10. तलका मध्ये कुनचाहिँ कृति गुणाढ्यकृत 'बृहत्कथा'-को रूपान्तर हो ?

(A) सोमदेवको 'कथासरित्सागर'।

(B) विष्णु शर्माको 'पञ्चतन्त्र'।

(C) दण्डीको 'दशचरितम्'।

(D) हरिहर शर्माको 'शुकबहत्तरी'।

11. अरबी भाषामा पञ्चतन्त्रको अनुवाद कस कसले गरे?

(i) पादरी बुद

(ii) अब्दुल्ला-बिन-अलमुकफ्फा

(iii) बहादुर साह जफर

(iv) अब्दुल्ला-बिन-हवाजी

(A) (i) (iii) (iv)

(B) (ii) (iii) (iv)

(C) (i) (ii) (iii)

(D) (i) (ii) (iv)

12. ''ममा नारीको भोक रहेछ, उसको प्रेम र आलिङ्गनको भोक रहेछ।''

—यो कुन कृतिमा कुन पात्रले भनेको हो?

(A) 'यो प्रेम'-मा शेखर।

(B) 'मसान'-मा कृष्ण।

(C) 'अनुराधा'-मा कोमलमान।

(D) 'प्रेम पिण्ड'-मा एडविल।

**13.** विक्रम संवत्‌को थालनी हुन अगावै नेपालमा
नाट्य–रचनाको परम्परा रहेको कुराको दसी कुन कृतिलाई मान्न सकिन्छ ?

(A) दुष्यन्तोपाख्यान
(B) हरिसिद्धि
(C) सुन्दर चरित्र
(D) अभिज्ञान शाकुन्तल

**14.** ''प्रेम मेरो निम्ति व्यङ्‌ग्य भएर उभिएको थियो।...
बुढो लाहुरेले खल्तीमा सजाएको रुमालजस्तो।''
—यो कुरा कुन कृतिमा कसले भनेको हो ?

(A) 'शिरीषको फूल'–मा सकम्बरीले।
(B) 'अनुराधा'–मा कोमलमानले।
(C) शिरीषको फूल'–मा सुयोगवीरले।
(D) 'अनुराधा'–मा अनुराधाले।

**15.** 'पहिले पहिले त ऊ उति रक्सी खाँदैनथ्यो तर
***अधोगति भएका सम्प्रदायमा*** बसेर उसले पनि खुब रक्सी खान थाल्यो।''
—माथि उद्‌धृत वाक्यमा कच गरिएको पदबन्धले कुन कृतिको कुन प्रसङ्गतर्फ निर्देश गरेको छ ?

(A) 'आज रमिता छ'–मा एम.के. नामक पात्र मातेर आउने गरेको प्रसङ्ग।
(B) 'मुलुकबाहिर'–मा सेर्पा बुढाको प्रसङ्ग।
(C) 'रूपमती'–मा रविलालको प्रसङ्ग।
(D) 'मुलुकबाहिर'–मा माहिला भुजेलको बर्मावासको प्रसङ्ग।

**16.** ''बनायौं देवता सारा हामीले परमेश्वर
बनाउने मानिसै हो, देवता नर–सिर्जना।''
—यस पद्यको वक्ता को हो र उसको यस भनाइमा कुनचाहिँ पाश्चात्य दार्शनिकको प्रसिद्ध विचारको ध्वनि पाइन्छ ?

(A) बालकृष्ण समको 'प्रह्लाद'–मा वैज्ञानिक हलाको यस भनाइमा किर्केगार्दको दर्शनको ध्वनि पाइन्छ।
(B) देवकोटा को 'सुलोचना' महाकाव्यमा तिमिरमर्दनको यस भनाइमा नित्सेको मतको ध्वनि पाइन्छ।
(C) समको 'प्रह्लाद' नाटकमा हिरण्यकशिपुको यस भनाइमा दकार्तको दार्शनिक विचारको ध्वनि पाइन्छ।
(D) देवकोटाको 'सुलोचना' महाकाव्यमा चण्डमर्दनको यस कथनमा सार्त्रको दर्शनको ध्वनि पाइन्छ।

**17.** ''बन्छन् अमर ती शूरा बोका झैं रणयज्ञमा।''

—यस पङ्क्तिमा कस्तो काव्यदोष पाइन्छ ?

(A) अनुचितार्थता (B) अप्रयुक्तता (C) ब्रीडाव्यञ्जकता (D) ग्राम्यता

**18.** ''यिनसँग नखराको नक्कली भाव छैन।

छल-कपट सुधाको जिन्दगी नै हुँदैन॥

सरस सरल वार्ता गर्दछन् मिष्टभासी।

वन हृदय बनेझैं ओठरङ्गी सुवासी॥''

—यस पद्यमा 'यिनसँग' शब्दले कसतर्फ सङ्केत गरेको छ?

(A) 'सुलोचना' मा सुलोचनाको चरित्रतर्फ।

(B) 'सुलोचना'-मा अनङ्गनाथको व्यक्तित्वतर्फ।

(C) 'शाकुन्तल' महाकाव्यमा दुष्यन्तले गरेको ऋषि आश्रमको जीवन शैलीतर्फ।

(D) 'शाकुन्तल'-मा दुष्यन्तद्वारा अस्वीकृत बनेकी शकुन्तलाको जीवन-स्थितितर्फ।

**19.** 'ढल्दैनौं जिउँदै हामी पत्थार गरिबक्सियोस् राख्नेछौं मरिमेटेर पनि राष्ट्रिय गौरव।''

—यस पद्यमा कुन रीति पाइन्छ ?

(A) गौडी (B) वैदर्भी (C) पाञ्चाली (D) लाटी

**20.** भरतमुनि अनुसार नाट्यभाव कति प्रकारका छन् ?

(A) 37 (B) 47 (C) 49 (D) 22

**21.** कुन आचार्यले काव्यगुणका कति भेद मानेका छन् ?

| **समूह-'क'** | | **समूह-'ख'** | |
|---|---|---|---|
| (a) | दण्डी | (i) | तीन |
| (b) | वामन | (ii) | दुई |
| (c) | भामह | (iii) | बीस |
| (d) | कुन्तक | (iv) | दस |

| | *(a)* | *(b)* | *(c)* | *(d)* |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (iii) | (iv) | (i) | (ii) |
| (C) | (iv) | (iii) | (i) | (ii) |
| (D) | (ii) | (i) | (iv) | (iii) |

22. तलका मध्ये कुनचाहिँ नाइ सत्य हो ?

(A) भरतमुनिपूर्व रस तत्वबारे चर्चा सुवर्णनाभले गरे।

(B) शिलाली र कृशाश्व भरतपूर्वका रस-मीमांसक थिए।

(C) भरतपूर्व काव्यरसबारे चर्चा गर्ने आचार्य वृहस्पति थिए।

(D) उपमन्युले भरतको नाट्यशास्त्र लेखिन अगार्वे काव्यरस विषयको ग्रन्थ लेखेका थिए।

23. 'बिनासामग्रीले भित्तो बिना नै लोक-चित्र यो फैलाउने पशुपतिनाथलाई प्रणाम छ।'

—यस कवितांशमा कस्तो ध्वनि पाइन्छ ?

(A) शब्दशक्त्युद्भव वस्तुबाट वस्तु ध्वनि।

(B) शब्दशक्त्युद्भव वस्तुबाट अलङ्कार ध्वनि।

(C) शब्दशक्त्युद्भव अलङ्कारबाट वस्तुध्वनि।

(D) शब्दशक्त्युद्भव अलङ्कारबाट अलङ्कार ध्वनि।

24. ''अभिनव वधूजस्तै बन्दै सिँगार -पटारले

अवध-बसुधा शोभा भर्दै उदार-सुधारले।

**रघुकुलमणि** प्रेमीलाई रिझाउन तम्सिई

झलझल बनिन् हाँसी खुशी मुखकी भई॥''

—माथिको पद्यमा 'रघुकुलमणि' शब्दले कसतर्फ औंल्याएको छ ?

(A) राजा दशरथ (B) रघु (C) राम (D) दिलिप

25. 'पाणिनीय शिक्षा' -मा उच्चारणको आभ्यन्तर प्रयत्नलाई अर्को के नाम दिइएको छ ?

(A) स्पर्श (B) घोष प्रयत्न

(C) आस्य प्रयत्न (D) अघोष प्रयत्न

26. महाप्राण वर्णका निम्ति प्रयोग गरिएको अर्को पुरानो नाम के हो ?

(A) दीर्घ (B) सोष्म (C) सवर्ण (D) संवृत्त

27. कस्ता ध्वनिलाई सवर्ण ध्वनि भनिन्छ ?

(A) समान सुनिने शब्दका वर्णहरू।

(B) खण्डीय वर्णका रूपमा प्रयोग हुनआउने ध्वनि।

(C) स्थान, करण र आभ्यन्तर प्रयत्नका आधारमा एकै भएका ध्वनि।

(D) शब्दमा मुक्त परिवर्तनमा आउने वर्णहरू।

28. नेपाली शब्द का आदिमा कुन-कुन वर्ण संयोग स्वीकृत छन ?

(i) ह् + व।

(ii) क् + र।

(iii) य् + व।

(iv) ह् + य।

(A) (i) र (iii)।

(B) (ii) र (iv)।

(C) (i) (ii) र (iv)।

(D) (ii) र (iii)।

29. नेपाली 'ह' कस्तो व्यंजन हो ?

(A) कण्ठयोष्ठ

(B) कण्ठयोष्म

(C) हनुमूलीय

(D) जिह्वामध्य स्पर्शी

30. दुवै ओठ ट्याप्प नजोडिएर ईषत् स्पृष्ट मात्र भएको अवस्थामा उच्चरित हुने ध्वनिलाई के भनिन्छ ?

(A) अन्त:स्थ

(B) द्वयोष्ठ्य

(C) उपध्मानीय

(D) स्वरभक्ति

31. ''मसँग ताजमहल बनाइदिने पो पैसा छैन, प्रेम त तिमीलाई शाहजहाँले भन्दा बर्ता गर्छु।''

—यो वाक्य कुन कृतिमा कसले भनेको हो ?

(A) 'प्रेमपिण्ड'–मा नकुलले सवितालाई।

(B) 'आज रमिता छ'–मा जनकले सीतालाई।

(C) इन्द्रबहादुर राईकृत 'ज्ञानेंद्रको कथा'–मा कथानायकले नायिकालाई।

(D) 'आज रमिता छ' मा एम. के. ले बाबुनीलाई।

32. ''कन्यादान भयो, थिए दुईजनाभोका भगत धर्मका पानीदार बिहा गरेर अँगुली जोडी दिए कर्ममा।''

—यस उद्धरणमा उल्लेख गरिएका 'दुईजना भोका भगत' को थिए ?

(A) 'शाकुन्तल महाकाव्यका ऋषि कण्व र उनकी पत्नी।

(B) 'सुलोचना' महाकाव्यका सामन्त शत्रुमर्द्धन र उनकी पत्नी।

(C) 'शाकुन्तल' –मा दुष्यन्त र शकुन्तला।

(D) 'सुलोचना'–मा सुलोचना र विलाससिंह।

33. ''देखेर सुन्दरीलाई म भएँ रस संयुत।

चन्द्रमण्डल देख्दा यो मन शृङ्गारले युत॥''

—यस कवितांशमा कस्तो काव्यदोष पाइन्छ ?

(A) अनङ्गकीर्तन

(B) प्रकृतिविपर्यय

(C) निहतार्थता

(D) स्वशब्दवाच्यता

34. 'बिह्लाबी' नेपालीमा कुन भाषाबाट लिइएको शब्द हो ?

(A) लिम्बू (B) नेवारी (C) गुरुङ (D) मगर

35. ''कवि कविता होस्, कविता कवि होस् कविता तब पो हुन्छ।

शब्द थुपारीकन के हुन्छ, भाव भए पो हुन्छ।''

—यो पद्य कुन छन्दमा लेखिएको छ ?

(A) आर्या

(B) कनकमञ्जरी

(C) ललित

(D) रथोद्धता

36. वर्णनीय भएका वा नभएका अनेकमा एकै धर्मको सम्बन्ध बुझाएमा कुन अलङ्कार हुन्छ ?

(A) तुल्ययोगिता (B) प्रतिवस्तूपमा

(C) उल्लेख (D) अनन्वय

**37.** तल समूह 'क' को कुन रस-भेदको उल्लेख समूह 'ख' का कुन आचार्यले गरे ?

| **समूह -'क'** | | **समूह-'ख'** | |
|---|---|---|---|
| (a) | शान्त रस | (i) | भोज |
| (b) | भक्ति रस | (ii) | अभिनव गुप्त |
| (c) | लौल्य रस | (iii) | रूप गोस्वामी |
| (d) | उदात्त रस | (iv) | उद्‌भट |

| | *(a)* | *(b)* | *(c)* | *(d)* |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (iv) | (iii) | (ii) | (i) |
| (D) | (iv) | (i) | (ii) | (iii) |

**38.** कस्तो समालोचकलाई 'मत्सरी' भनिन्छ ?

(A) पूर्वाग्रही र द्वेषभावपूर्ण।

(B) गुण-दोष विवेचनमा ध्यान नदिने र स्थूल दृष्टिकोण भएको।

(C) काव्य-सिद्धान्तको ज्ञाता भए तापनि तर्कसम्मत ढङ्गले आफ्नो कुरा प्रस्तुत गर्न नसक्ने।

(D) ज्ञानको अभिमानले सदैव मत्त रहने तर निर्णय दिनचाहिँ नसक्ने।

**39.** 'गोपीचन' नेपाली समाजमा विशेष गरी कुन समुदायका मानिसहरू माझ चलेको नृत्य हो ?

(A) मगर (B) गुरुङ (C) धाँगड (D) नेवार

40. ‘मनिरिम्दु’ भनेको के हो ?

(A) लेप्चा जातिको एउटा संस्कार-गीत।

(B) लिम्बूहरुले गाउने लोक भाका विशेष।

(C) एकथरीको हिमाली नृत्य।

(D) गुरुङ र मगरहरूमा प्रचलित एकथरीको शोक गीत।

41. ‘अर्बाजो’ कस्तो वाद्य हो ?

(A) तारयुक्त बाजा।

(B) सासले बजाइने बाजा।

(C) हातले ठोक्तै बजाइने बाजा।

(D) विद्युत तरङ्गका सहायताले बजाइने आधुनिक बाजा।

42. ‘करात’ के हो ?

(A) पश्चिम नेपाल र कुमाउँतिर बस्ने एउटा जाति विशेष।

(B) असार महिनामा बजाइने एक प्रकार को बाजा।

(C) पश्चिम नेपालतिर मलामी जाँदा गाइने शोक गीत।

(D) धिमाल जातिको एउटा पर्वगीत।

43. अङ्ग्रेजीमा समस्या–नाटकका रचनाकार को हुन्?

(A) बेन जोन्सन

(B) हेनरिक इब्सेन

(C) अगस्ट स्ट्रिन्डबर्ग

(D) जोन ग्याल्सवर्दी

44. ''आ, त्यस्ता बाको कुरा नगर्नोस् बाजे।

घरमा आमासित धूमधाम झगडा

गरेछ–आमालाई सारै कुटेर आफूचाहिँ परदेश लागेछ।''

—यस उद्धरणमा प्रयोग गरिएका 'गरेछ' र 'लागेछ' क्रियापद कालको कुन पक्षमा छन्?

(A) पूर्ण भूत

(B) अपूर्ण भूत

(C) अज्ञात भूत

(D) सन्दिग्ध भूत

45. तल समूह–'क'–मा दिइएका कुन गण र मात्रा समूह–'ख'–का कुन छन्दका लक्षण हुन्?

| | **समूह -'क'** | | **समूह-'ख'** |
|---|---|---|---|
| (a) | ज र ज र ज गुरु | (i) | भुजङ्गप्रयात |
| (b) | र र र र | (ii) | पृथ्वी |
| (c) | य य य य | (iii) | पञ्चचामर |
| (d) | ज स ज स य लघु गुरु | (iv) | स्रग्विणी |

| | *(a)* | *(b)* | *(c)* | *(d)* |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (i) | (ii) |
| (B) | (iv) | (iii) | (ii) | (i) |
| (C) | (ii) | (i) | (iv) | (iii) |
| (D) | (iii) | (i) | (iv) | (ii) |

46. नाटकमा 'काव्यिक न्याय' भन्नाले के बुझिन्छ ?

(A) काव्यशास्त्रका मान्यताको ठिक–ठिक प्रयोग।

(B) काव्यले समाजलाई उचित अनुचित छुट्ट्याउन सिकाउने गुण।

(C) अन्त्यमा दुष्टले दण्ड र सज्जनले पुरस्कार पाउनुपर्छ भन्ने मान्यता।

(D) व्याकरणिक दृष्टिले अशुद्ध भए पनि प्रसङ्गसँग मिल्छ भने त्यसलाई शुद्धै मान्नुपर्छ भन्ने धारणा।

47. ''आङ्गल भूमि धेरै टाढा छ, त्यहाँ लन्दन भन्ने राजधानी छ रे, ज्यादै रमणीय देश छ भन्छन्।''

—यो कुन कृतिमा कुन पात्रको कथन हो ?

(A) प्रह्लाद' नाटकमा शतशिरले हिरण्यकशिपुलाई भनेको।

(B) 'भक्त भानुभक्त' -मा धर्मदत्तले भानुभक्तलाई भनेको।

(C) 'रूपमती' उपन्यासमा हविलालकी पत्नीले रविलाललाई सोधेको।

(D) 'प्रह्लाद'-मा संह्लादले शतशिरलाई भनेको।

48. इलियटले 'वस्तुगत समीकरण' को सिद्धान्त आफ्नो कुन कृतिमा प्रतिपादन गरेका छन् ?

(A) 'परम्परा र व्यक्ति प्रतिभा' विषयक लेख।

(B) 'दि इङ् लिस मेटाफिजिकल पोयट्स'।

(C) 'ह्याम्लेट एन्ड हिज प्रब्लेम्स' शीर्षक लेख।

(D) 'अब्जेक्टिभ को-रिलेटिभ' शीर्षक लेख।

49. ‘काव्यशास्त्रका सबै ग्रन्थहरू डढाइदिए पनि कुनै खति हुँदैन।’ —भन्ने विचार कसले व्यक्त गरेका हुन्?

(A) स्यामुअल टि. कलरिज (B) प्लेटो

(C) जाक देरिदा (D) बेनेदित्तो क्रोचे

50. तलका मध्ये कुनचाहिँ कथन साँचो होइन?

(A) प्लेटोले ‘कविहरू अर्धबर्बर मानिस हुन्’ भने।

(B) कलरिज भन्छन्, ‘भाषेतर सबै कलाहरु मौन कविता हुन्।’

(C) ‘दि केन्यन रिभ्यु’ पत्रिकाले नवआलोचनाको खण्डन र विरोध गर्नेहरूलाई दह्रो मंच प्रदान गऱ्यो।

(D) एरिस्टोटल, कलरिज र रिचर्ड्सका समालोचना सिद्धान्तलाई परस्पर जोड्ने एउटा मुख्य कड़ी ‘सम्प्रेषण’—को अवधारणा हो।

- o O o -

**Space For Rough Work**